आकाश भैरब
AAKASH BHAIRAB
In House Journal

नेपाल वायुसेवा

Vol 40 No. 4 | Magh - Falgun 2077 | January-February 2021

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री ढकालद्वारा निगमको निरीक्षण

नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री भानुभक्त ढकालले २०७७/८/१४ मा नेपाल वायुसेवा निगमको स्थलगत निरीक्षण गरी उच्चपदस्थ कर्मचारीहरूसँगको अन्तर्क्रिया कार्यक्रममा निगमलाई समय सापेक्ष सुधार र परिवर्तनद्वारा उपलब्धिमूलक बनाउनु आवश्यक भएको कुरा व्यक्त गर्नुभयो । मन्त्री ढकालले निगमका सामु समस्याहरू रहेको औंल्याउदै त्यसको समाधान सहज छैन तर सम्वन्धित सबैले प्रतिवद्धताका साथ योगदान गरेमा असम्भव भन्ने केही छैन भन्दै नीतिगत, व्यवस्थापकीय कुन पक्षमा त्रुटी छ त्यसका सुधार गर्नमा सक्रियता आवश्यक भएको कुरा व्यक्त गर्नुभयो ।

निगमको विकासमा कुनै प्रदूषण छ भने इमान्दारीपूर्वक शुद्धीकरण गर्दै जानु पर्दछ, भन्नुहुँदै लक्ष्य ठूलो राखेर मात्र हुँदैन उपलब्धि तर्फ पनि विशेष ध्यान दिनु पर्दछ भन्ने उल्लेख गर्नुभयो । उहाँले निगमको विकासमा कर्मचारी मात्र होइन उच्च सरकारी निकाय समेत जिम्मेवार हुनुपर्छ भन्नुहुँदै निगमको उन्नतिमा आफ्नो तर्फबाट हरसंभव सहयोग हुने र राजनीतिक हस्तक्षेप नहुने विश्वास दिलाउनु भयो ।

उक्त अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव यादव कोइरालाले राष्ट्रिय ध्वजावाहकको रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा गन्तव्य बढाउँदै लैजानुपर्ने आवश्यकता औल्याउँदै भएको स्थिर सम्पत्तिलाई आयमूलक क्षेत्रमा परिवर्तन गरी वित्तीय सुदृढता तर्फ लाग्न आग्रह गर्नुभयो । उहाँले सकारात्मक सोच सहित सरकारले पूँजी बढाउने काममा सहयोग गर्ने विश्वास दिलाउँदै प्रशासनिक कार्यका लागि ऋण लिन नपरेकोमा सन्हाहना गर्नुभयो । निगम संचालक समितिका अध्यक्ष सुशील घिमिरेले कोभिड १८ ले ठूलै पीडा दिएको बेलामा पनि निगमले सक्रियतापूर्वक औषधि ढुवानीदेखि उद्धार उडान बाट समेत उल्लेखनीय योगदान गरेको स्मरण गराउनु भयो । कामको दृष्टिकोणले पर्यटन मन्त्रालय महत्वपूर्ण निकाय भएको र त्यसैको एक अंगको रूपमा नेपाल वायुसेवा निगमको भूमिका र कार्यक्षेत्र व्यापक भएको उल्लेख गर्दै विगतका अनुभवहरूबाट सिकेर नयाँ संभावना पहिल्याउन र गन्तव्य विस्तारमा सक्रियतापूर्वक लाग्न निगम सक्रिय रहेको कुरा व्यक्त गर्नुभयो ।

कार्यनीति, कार्यक्रम र गतिविधिबारे विस्तृत जानकारी गराउनु हुँदै निगमका महाप्रवन्धक डिम प्रसाद पौडेलले प्रशासन, पारदर्शिता, सूचना प्रविधिको विकास, जनशक्तिको उचित उपयोग र सीप विकास सहित अगाडि बढ्न निगम तदारूकताका साथ लागेको बताउनु भयो । उहाँले आन्तरिक उडानलाई दुर्गम क्षेत्रमा कायम राख्ने आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय गन्तव्य बढाउने लक्ष्य राखिएको छ भने हिन्दू बहुल भारत र बुद्धिष्ट बहुल चीनबाट यात्रुको प्रवाह बढाउन निगम क्रियाशील रहेको विचार व्यक्त गर्नुभयो ।

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारी सरल कर्जा सुविधा

नेपाल वायुसेवा निगम र राष्ट्रिय वाणिज्य बैंक बीच कर्मचारी सरल कर्जा कार्यविधि २०७७ सम्बन्धी सम्झौतामा २०७७ माघ १५ गते हस्ताक्षर सम्पन्न भयो । निर्धारित सेवा अवधि पुरा गरेका निगमका कर्मचारीहरूले सरल कर्जा प्राप्त गर्नसक्ने गरी उक्त सम्झौता गरिएको हो । सम्झौतामा निगमका महाप्रबन्धक डिम प्रसाद पौडेल र बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले हस्ताक्षर गर्नुभयो ।

तलबी बचत खाता संचालनमा रहेका र निगममा ५ वर्ष सेवा अवधि पूरा गरेका स्थायी कर्मचारीले निगमको सिफारिसमा विना धितो सरल कर्जा उपभोग गर्न पाउनेछन् भने सेवा अवधि ३ वर्ष भन्दा कम भएका कर्मचारीलाई कर्जा प्रवाह सम्वन्धी विधि बैंकले तोके बमोजिम हुनेछ ।

निगमको सिफारिसमा सरल कर्जा रू १५ लाख सम्मको हुनेछ । सरल कर्जा सुविधा उपभोग गर्ने कर्मचारीले सेवा अवधि बाँकी छँदै राजिनामा गरेमा वा कुनै कारण सेवामा बहाल रहन अयोग्य भई सेवाबाट हटेमा बैंकलाई बुझाउन बाँकी रकम निगमका तर्फबाट निजले पाउने जुनसुकै रकमबाट कट्टा गरी बैंकलाई उपलब्ध गराइने छ । कर्जाको व्याजदर हाललाई आधारदर ५.७४ प्रतिशतमा २ प्रतिशत प्रिमियम थप गरी ७.७४ प्रतिशत रहनेछ ।

सम्पादकीय

देश र जनताको हितमा आफ्नो क्षमताले भ्याएसम्मको सेवा गर्नु एक प्रकारको सामाजिक उत्तरदायित्वको निर्वाह हो । नेपाल वायुसेवा निगम सामाजिक उत्तरदायित्वको निर्वाहमा निरन्तर लागिरहने संस्था हो । त्यसो त निगम व्यावसायिक संस्था हो र व्यवसाय संचालन गरी मुनाफा आर्जन गर्ने यसको प्रमुख लक्ष्य हो तापनि मुनाफालाई भन्दा यसले सेवालाई प्राथमिकतामा राखी काम गर्दै आएको छ । एकातिर दायित्व पुरा गर्दै आएको छ भने स्वतः स्फूर्त रूपमा समेत योगदान पुऱ्याउँदै आएको छ ।

हालै विश्व क्यान्सर दिवस मनाइयो, यसै सन्दर्भमा भन्नुपर्दा निगमले क्यान्सर पीडित र क्यान्सर पीडितका कुरूवाको लागि समेत निःशुल्क र सहुलियतदरको अन्तर्राष्ट्रिय टिकट उपलब्ध गराएर उपचारमा योगदान गरेको छ भने कतिपय अवस्थामा प्राकृतिक प्रकोप र राजनीतिक असहज अवस्थामा समेत उल्लेखनीय सेवा गरेको छ । कोरोना भाइरसले पारेको असहज परिस्थितिमा निगमले औषधि ढुवानीदेखि यात्रुहरूलाई उद्धार गर्न विशेष उडानहरू संचालनमा ल्याएको थियो । केही समय अघि मलेसियामा रोजगारीका सन्दर्भमा गएका तर त्यही नै मृत्युवरण गर्न विवसको शव ल्याउन वाइडवडी उडान गरेको थियो । न्यारोवडी विमानमा २ वटाभन्दा बढी शव ढुवानी गर्न नसकिने परिस्थितिमा वाइडवडी विमान क्वालालम्पुर पठाएर एकैपटक १८ वटा शव ल्याएको थियो । यो सेवाका लागि निगम आमजनतामा प्रशंसित बनेको छ ।

आम जनतासँग प्रत्यक्ष सरोकार राख्ने संस्था भएकोले यसका सम्पूर्ण क्रियाकलापमा सर्वसाधारणको चासो रहनु र सानातिना त्रुटीमा समेत खरो टिप्पणी र आलोचना हुनु स्वाभाविक हो । तर निगमले त्यसलाई आफूप्रतिको माया र मार्ग निर्देशन मानी सुधारका कदम चाल्दै आएको छ । सुरक्षित उडानलाई प्राथमिकतामा राखी आफ्ना यात्रुहरूलाई उत्कृष्ठ सेवादिने कामलाई महत्वपूर्ण दायित्व मान्नुका साथै सामाजिक उत्तरदायित्व पुरा गर्नमा समेत निगमले कुनै कमी हुन दिएको छैन र भविष्यमा पनि यसलाई निरन्तरता दिदै रहने छ ।

मलेसियाबाट १८ नेपाली शवको उद्धार

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम लोककल्याणमा आधारित सेवा प्रवर्द्धनमा तल्लिन छ । यसै सन्दर्भमा वाइड बडी ए३३० जहाजले मलेशियाबाट १८ वटा नेपाली कामदारको शव नेपालसम्म ल्याएर उल्लेखनीय कार्य गरेको छ । वैदेशिक रोजगारीको सिलसिलामा मलेशियामा ज्यान गुमाएका नेपालीको शव निगमले उद्धार गरेको छ । एउटा शवको अस्तुसहित १८ वटा शव नेपाल ल्याइएको हो ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत निगमले नेपालीको शव ल्याएको हो । वैदेशिक रोजगारीमा मलेशिया श्रम गर्न गएका श्रमिक नेपालीको विभिन्न कारणले मृत्यु भए पनि उनीहरूको शव अलपत्र अवस्थामा रहेको थियो । मृतकका परिवारको पीडालाई महसुश गर्दै निगमले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा शव ल्याएको हो । निगमले क्वालालम्पुर गन्तव्यमा न्यारोबडी मार्फत नियमित उडान गर्दै आएको भए पनि नेपाली कामदारको शव स्वदेश ल्याउनको लागि निगमले वाइडबडी विमानको प्रयोग गरेको थियो । वाइडबडी जहाजमा १८ वटा शव बोक्ने क्षमता हुन्छ ।

मलेशियास्थित नेपाली दूतावाससँग समन्वय गरी निगमले नेपालीको शव स्वदेश ल्याइएको हो । अझै त्यहाँ ३७ वटा शव रहेको र ती शव नेपाल ल्याउन आवश्यक तयारी भइरहेको छ । विदेशमा अलपत्र नेपाली कामदारको शव नेपाल ल्याउनु निगमको सामाजिक उत्तरदायित्वको उदाहरणीय काम हो । नेपाल वायुसेवा निगम राष्ट्रिय ध्वजावाहक पनि भएकाले हरदम नेपाल र नेपालीको सुखदुःखमा साथ दिने सारथी हो । महिनौंदेखि अलपत्र अवस्थामा रहेका नेपालीको शवको उद्धार गरेपछि निगमले प्रशंसनीय कार्य गरेको टिप्पणी गरिएको छ ।

सम्पादक मण्डल

प्रधान सम्पादक	:	अर्चना खड्का
कार्यकारी सम्पादक	:	सुधन कुमार श्रेष्ठ
सम्पादक	:	डोलराज पाण्डेय
सह-सम्पादक	:	सुरेश सापकोटा
सल्लाहकार सम्पादक	:	पुरु रिसाल
फोटो सल्लाहकार	:	हरि गोपाल प्रधान
ग्राफिक डिजाइन	:	सागर श्रेष्ठ
प्रकाशक	:	वाह्य,जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग, नेपाल वायुसेवा निगम www.nepalairlines.com.np
विभागीय प्रतिनिधिहरु	:	आवृति पन्त सा.से.तथा सं. व्यवस्थापन
		कमल प्रकाश पौडेल, वाणिज्य
		कुमार तामाङ्ग, यात्रुसेवा
		गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स
		जयबहादुर राना, अर्थ
		विदीत देवकोटा, ग्राउण्ड सपोर्ट
		भाष्कर खनाल, मानव संशाधन
		दिपक पन्थी, आन्तरिक लेखा परीक्षण
		पूर्णकुमार पुलामी, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट
		सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स एण्ड फ्लाईट सेफ्टी
		सुवास सञ्जेल, अपरेशन्स्

"सुरक्षा संस्कृति वर्ष २०२१ (YOSC, 2021) मनाइँदै

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (International Civil Aviation Organization-ICAO) ले उड्डयन सुरक्षालाई मध्यनजर गर्दै तथा हवाइ क्षेत्रमा गरिएको अतिक्रमणको विरूद्धमा विश्वव्यापी सुरक्षा जागरण फैलाउने गरी २०२० को ICAO The year of Security Culture (YOSC) 2021 कार्यक्रमलाई २०२१ मा पनि निरन्तरता दिने निर्णय गरेको छ । विश्वव्यापी COVID-19 महामारीका कारण अघिल्लो वर्ष मनाउन नसकिएको कारण पनि सन् २०२१ मा निरन्तरता दिनु पर्ने निर्णय ICAO द्वारा गरिएको हो । उक्त कार्यक्रमको ICAO का महासचिवबाट शुभारम्भ समेत भइसकेको छ । यसै सन्दर्भमा सदस्य राष्ट्रको नाताले नेपालले पनि ICAO को निर्धारित ढाँचा अनुरूप नै विविध कार्यक्रम आयोजना गरी (YOSC) 2021 मनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणले २०७७/१०/१३ मा निर्णय समेत गरिसकेको छ । "सुरक्षा संस्कृति वर्ष २०२१" (YOSC, 2021) कार्यक्रम विभिन्न गतिविधि मार्फत निगमले पनि मनाउने गरी सम्पूर्ण विभागबाट तयारी समेत गरिसकिएको अवस्था छ । YOSC को व्यानरहरू, पर्चा, पम्प्लेट, स्टिकर जस्ता सामग्रीको माध्यमबाट प्रचारप्रसार गर्ने, गराउने गरी निगमले तयारी थालेको छ । यसै सिलसिलामा, निगमको Official Website, Social Site मा YOSC बारेका प्रचार सामग्रीहरू प्रकाशित गर्ने तथा सम्पूर्ण विभाग, इकाइ एवं कर्मचारीहरूबीच अन्तरक्रिया आदि मार्फत प्रचार प्रसार गर्ने कार्यक्रम तय भएको संस्थागत विभागका का.मु.उपनिर्देशक सुधन कुमार श्रेष्ठले बताउनु भयो । यस कार्यक्रमको नतिजास्वरूप आन्तरिक, क्षेत्रीय तथा विश्वव्यापी रूपमै नागरिक उड्डयन क्षेत्रमा दिगो हवाइ सुरक्षा संस्कृतिको विकास गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ ।



To most people, the sky is the limit. To those who love aviation, the sky is home.

- Jerry Crawford

नेपाल वायुसेवा निगम र लुम्बिनी बौद्ध विश्वविद्यालयबीच समझदारी

नेपाल वायुसेवा निगम र लुम्बिनी बौद्ध विश्वविद्यालयबीच फागुन ५ गते नेपालको पर्यटन प्रवर्द्धन र बुद्धदर्शनको विस्तारमा पारस्परिक सहयोगको माध्यमले अगाडि बढ्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भयो । निगमको केन्द्रीय कार्यालयमा आयोजित एक समारोहबीच निगमका महाप्रवन्धक डिमप्रसाद पौडेल र विश्व विद्यालयका उपकुलपति प्रा. डा. हृदय रत्न बज्राचार्यले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

सम्झौता अनुसार पर्यटन क्षेत्रमा दिगो विकासमा सहयोग पुग्ने गरी उड्डयन तथा पर्यटन क्षेत्रमा उच्च गुणस्तरको जनशक्ति तयार गर्न दुवै संस्थाबीच प्रयास गरिनेछ । लुम्बिनी क्षेत्रका साथै नेपालका अन्य बुद्धिष्ठ क्षेत्रहरूमा पर्यटन विकासमा दुवै संस्थाले प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्नेछन् । नेपालको बहुआयामिक विकासका लागि उड्डयन क्षेत्रका साथै पर्यटन क्षेत्रको प्रवर्द्धनमा संयुक्त प्रयास गरिने कुरा सम्झौतामा समावेश गरिएको छ । पर्यटन र बुद्ध दर्शनसँग सम्बन्धित विशेष कार्यक्रम बनाउन र त्यसलाई कार्यान्वयन गर्ने बारे पारस्परिक समझदारी र सहयोगको आधारमा गरिनेछ । उड्डयन र पर्यटनको क्षेत्रमा अनुसन्धानात्मक क्रियाकलाप अगाडि बढाउन र राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा संस्कृति परम्परालाई विस्तार गर्ने लक्ष्य लिइएको समझदारी पत्रमा उल्लेख छ । लुम्बिनी बौद्ध विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि पर्यटन सँग सम्बन्धित विषयमा प्रयोगात्मक (Internship) अध्ययनको अवसर निगमले प्रदान गर्नेछ भने विश्व विद्यालयले आन्तरिक र अन्तर्राष्ट्रिय उडानमा निगमको सेवालाई प्राथमिकता दिनेछ ।

लुम्बिनी विश्वविद्यालयमा उच्च शिक्षा लिने निगमका कर्मचारीका सन्तानलाई शुल्कमा विशेष छुट उपलब्ध गराइनेछ । यो सम्झौता हाललाई चारवर्षको लागि गरिएको छ र भविष्यमा नवीकरण गर्न सकिनेछ । समारोहमा बोल्नुहुँदै महाप्रवन्धक श्री पौडेलले नेपाल वायुसेवा निगमले बुद्धिष्ठ बाहुल्य भएका मुलुकहरूमा उडान संचालन गर्ने अवधारणा राखेको बताउनु भयो र प्रा.डा. बज्राचार्यले बुद्ध धर्म मात्र नभएर यसले दर्शनको महत्व बोकेको कारण विश्व विद्यालयले त्यसै अनुसार कार्यक्रम संचालन गरेको धारणा व्यक्त गर्नु भएको छ ।

The Amazing Motor Rally मा निगमको सहभागिता

कोभिड-१८ बाट प्रभावित पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न संस्थाहरूको संलग्नतामा The Amazing Motor Rally को आयोजना गरिएको थियो । आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्य रहेको उक्त र्‍यालीमा ४७ भन्दा बढी मोटर तथा करिब १६० सहभागीहरू रहेकोमा विशेष गरी होटल व्यवसायीहरू, ट्राभल्स एजेन्ट्स, बैंक तथा इन्स्यूरेन्स कम्पनीहरूको सहभागीता रहेको थियो । उक्त मोटर र्‍याली काठमाडौं-चितवन हुँदै पोखरा पुगेर समापन भएको थियो । माघ ३० र फागुन १ गते आयोजित उक्त मोटर र्‍यालीमा नेपाल वायुसेवा निगमको पनि सहभागिता रहेको थियो । नेपाल वायुसेवा निगमका तर्फबाट संस्थागत विभागका का.मु. उपनिर्देशक सुधन कुमार श्रेष्ठ र वरिष्ठ अधिकृत डोलराज पाण्डेयको सहभागिता रहेको थियो ।

पोखरामा आयोजित समापन समारोहमा विजेताहरूलाई पुरस्कार वितरण कार्यक्रममा नेपाल वायुसेवा निगमको तर्फबाट उपनिर्देशक सुधन कुमार श्रेष्ठले पुरस्कार स्वरूप निगमको टिकट उपलब्ध गराउनुभएको थियो ।

Aviation is proof that given the will, we have the capacity to achieve the impossible.
- Eddie Rickenbacker

मानव संशाधन विभागद्वारा तालिम सम्पन्न

निगमको विभिन्न गन्तव्यहरूमा उडान गर्ने यात्रुहरूको यात्रा अनुभव, निगमले प्रदान गर्ने गरेको सेवाको गुणस्तर आदिको सम्बन्धमा यात्रुहरूको प्रतिक्रिया तथा सुझाव संकलन मार्फत निगमको हवाईसेवामा Safety, Realiability, Punctuality र Quality लाई अझ विस्तार गरी सेवालाई थप प्रभावकारी बनाउन सहज होस भन्ने उद्धेश्यका साथ निगमका विभिन्न विभागमा कार्यरत कर्मचारीहरूलाई Customer Testimonial Survey सम्बन्धमा तीन दिने तालिम दिनेकाम सम्पन्न गरिएको छ । श्रीमान् महाप्रबन्धकको निर्देशन तथा संस्थागत विभागबाट माग भए बमोजिम निगमको संस्थागत विभाग, यात्रुसेवा विभाग र अपरेसन्स विभागका कर्मचारीहरूको लागि २०७७ माघ १८ देखि २१ गतेसम्म सो तालिम प्रदान गरिएको हो । संस्थागत विभागका ३, यात्रुसेवा विभागका ३ र अपरेसन्स विभागका ३ जना गरी जम्मा ८ जना सहभागी सम्मिलित उक्त तालिम मानव संशाधन विभाग अन्तर्गत तालिम शाखाको आयोजनामा राजधानीकै All Three Media Ghar प्रा.लि.सँगको सहकार्यमा सम्पन्न भएको हो । निगमको केन्द्रीय कार्यालयस्थित तालिम कक्षमा सञ्चालित उक्त तालिमको Practical Session मा निगमका Frequent Flyer चर्चित अभिनेता सुनिल थापा, बानेश्वरस्थित एभरेष्ट होटलका General Manager हेमन्त मेहता र नायब महाप्रबन्धक, संस्थागत विभागका निर्देशक, तालिम, कल्याणकारी तथा युनीयन रिलेसन्स महाशाखाका उपनिर्देशक लगायत All Three Media Ghar प्रा.लि.बाट आएका तालिमका प्रशिक्षकहरूको सहभागीता रहेको उक्त तालिमको समापन कार्यक्रममा तालिमको दौरान संकलित भिडियो सामग्री समेत प्रर्दशन गरिएको थियो । यसैगरी तालिम शाखाले अन्य विभिन्न विभागको आवश्यकता र माग बमोजिम विभिन्न किसिमका तालिमहरू सञ्चालन गरिरहेको छ ।

२०७७ माघ २१ गते निगमको उडानबाट यात्रा गर्ने यात्रुहरूले निगमको उडान सेवाको अनुभव सम्बन्धमा व्यक्त गरेका भिडियो प्रतिक्रिया संकलन गरिएको थियो ।

तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा तालिमका सहभागीहरूलाई निर्देशन दिनुहुँदै महाप्रबन्धक डीम प्रसाद पौडेलले तालिममा सिकेको ज्ञानलाई व्यवहारमा उतारेमा मात्र तालिम सार्थक हुने कुरामा जोड दिनुभयो । साथै तालिम मार्फत आर्जित ज्ञानलाई नियमित रूपमा अभ्यास गर्दा निगमको सेवामा अझै सुधार गरी सेवालाई थप विश्वसनीय र फलदायी बनाउन सकिने बताउनु भयो ।

अन्तर्राष्ट्रिय उडानमा २० वायुसेवामध्ये निगम अग्रपंक्तिमा

एक महिनामा १५३ अन्तर्राष्ट्रिय उडान गरी २० वायु सेवामध्ये नेवानि अग्रपङ्तिमा दर्ज भएको छ । काठमाडौंबाट विदेशका गन्तव्यमा यात्रु ओसार्नेमा डिसेम्बरमा नेपाली ध्वजावाहक नेपाल वायुसेवा निगम उत्कृष्ट भएको हो । २० वायुसेवा कम्पनीमध्ये नेवानिले सर्वाधिक संख्यामा उडान गर्दै धेरै यात्रुलाई सेवा दिएको हो । अन्तर्राष्ट्रिय उडानतर्फ एक महिनाको अवधिमा साढे ६६ हजार यात्रुले सेवा लिएका छन् । आँकडा अनुसार अन्तर्राष्ट्रिय उडानअन्तर्गत गत डिसेम्बरमा जम्मा ७१७ उडान/अवतरण भएको छ । यीमध्ये ३५८ उडानमार्फत ३२ हजार एक सय ७० यात्रु काठमाडौं आएका र तीन सय ५८ उडानमार्फत ३४ हजार चार सय २७ जना बाहिरिएका थिए । यात्रु सेवामा २० वटा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीमध्ये सेवा सञ्चालनका दृष्टिले नेपाल वायुसेवा निगम अग्रस्थानमा रहन सफल भएको छ । निगमको उडान मार्फत ८ हजार ८ सय ७५ जना काठमाडौंबाट विभिन्न गन्तव्यतर्फ गएका थिए भने ११ हजार १३ जना आएको आँकडा छ ।

आश्विन

सरुवा /पदस्थापन

क्र.सं	कर्मचारीको नाम	तह	पद	विभागबाट/विभागमा
१	श्री लोकेन्द्र हाङ्गम लिम्बु	४	सहायक	यात्रुसेवा विभाग /ताप्लेजुङ्ग स्टेशन
२	श्री तीर्थराज पोखरेल	४	सहायक	ताप्लेजुङ्ग स्टेशन/ यात्रुसेवा विभाग
३	श्री सुरेन्द्र कसजु	४	सहायक	थामखर्क स्टेशन/ लामिडाँडा स्टेशन
४	श्री रञ्जित कुमार साह	४	सहायक	लमिडाँडा स्टेशन/थामखर्क स्टेशन

राजिनामा

क्र.सं.	कर्मचारीको नाम	तह	पद
१	श्री जामुन प्रसाद चौधरी	४	सहायक
२	श्री नेत्र कुमार के.सी.	४	सहायक

अवकाश

क्र.सं.	कर्मचारीको नाम	तह	पद
१	श्री कृष्ण प्रसाद धिताल	८	सिनियर एएमइ
२	श्री कल्पना कार्की	७	वरिष्ठ विमान परिचारिका
३	श्री शंकर बहादुर के.सी.	६	अधिकृत

कार्त्तिक

सरुवा /पदस्थापन

क्र.सं	कर्मचारीको नाम	तह	पद	विभागबाट/विभागमा
१	श्री रमेश आचार्य	८	सिनियर अटो इन्जिनियर	ग्राउण्ड सपोर्ट विभाग/ सा.से. तथा स.व्य विभाग
२	श्री यसोदा सिंखडा	७	वरिष्ठ अधिकृत	वाणिज्य विभाग/ अपरेसन्स विभाग
३	श्री अनुपमा घिमिरे	७	अटो इन्जिनियर	ग्राउण्ड सपोर्ट/ सा.से. तथा स.व्य विभाग
४	श्री सरोज कार्की	७	अटो इन्जिनियर	ग्राउण्ड सपोर्ट/ सा.से. तथा स.व्य विभाग
५	श्री कल्पना काफ्ले	६	अधिकृत	हङ्कङ्ग स्टेशन/वाणिज्य विभाग
६	श्री दिनेश पोखेल	५	वरिष्ठ सहायक	यात्रुसेवा विभाग/ इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग
७	श्री तेन्जी लामा	५	वरिष्ठ सहायक	यात्रुसेवा विभाग/फाप्लु स्टेशन
८	श्री बासुदेव अधिकारी	५	वरिष्ठ प्राविधिक	ग्राउण्ड सपोर्ट विभाग सा.से. तथा स.व्य विभाग
९	श्री विकाश थापा मगर	५	वरिष्ठ प्राविधिक	ग्राउण्ड सपोर्ट विभाग/ सा.से. तथा स.व्य विभाग
१०	श्री रामपुकार मण्डल	५	वरिष्ठ प्राविधिक	ग्राउण्ड सपोर्ट विभाग/ सा.से. तथा स.व्य विभाग
११	श्री नरेन्द्र राई	४	सहायक	खानीडाँडा स्टेशन/ वाणिज्य विभाग
१२	श्री सुरेन्द्र कसजु	४	सहायक	लामिडाँडा स्टेशन/ खानीडाँडा स्टेशन
१३	श्री गोविन्द महत	४	सहायक	ताल्चा स्टेशन/ यात्रुसेवा विभाग
१४	निमा तामाङ्ग	३	हेड लोडर	लुक्ला स्टेशन/ फाप्लु स्टेशन

राजिनामा

क्र.सं.	कर्मचारीको नाम	तह	पद
१	श्री राजेन्द्र जोशी	६	अधिकृत
२	श्री भगवती पाण्डे	६	अधिकृत
३	श्री मोहनलाल नगरकोटी	४	सिनियर हेड लोडर

अवकाश

क्र.सं.	कर्मचारीको नाम	तह	पद
१	श्री गोपाल तण्डुकार	९	उपनिर्देशक
२	श्री तुलसी प्रसाद उपाध्याय	६	अधिकृत
३	श्री महेश रञ्जित	५	वरिष्ठ सहायक
४	श्री कृष्णदत्त जोशी	४	सहायक
५	श्री छोटी डगौरा थारु	४	सिनियर हेड लोडर

यात्रु सेवा विभाग

विगतमा यात्रुहरूको PCR Test को कागजातहरू एकैपटक चेकइन काउण्टरमा Verify गर्नुपर्दा समय लाग्ने तथा त्यसबाट समयमा उडान सञ्चालन गर्नसमेत कठिनाई भएको हुँदा यात्रुहरूको चापलाई मध्यनजर गर्दै पछिल्लो पटक PCR Test Report Verify गर्न प्रस्थानतर्फ प्रवेशद्वार भन्दा बाहिर Counter राखी Verify गरिएको र यसबाट समयमा उडान सञ्चालन हुनुका साथै Document Verification मा पनि प्रभावकारिता अभिवृद्धि गरिएको छ ।

निगम DG Carry Certification लिने प्रक्रियामा रहेको र CAAN मा निवेदन दिई अनुमतिको क्रममा रहेको छ । यस सम्बन्धी थप कार्यहरू निम्न बमोजिम रहेका छन् ।

- DGHM Approved by CAAN
- DG SOP Developed
- DG Security Plan Developed

भूमिस्थ सेवासम्बन्धी कार्य सम्पादन

निगमको अन्तर्राष्ट्रिय वायुसेवा तर्फ पछिल्लो ३ महिनामा गरेको सम्पूर्ण भूमिस्थ सेवासम्बन्धी (Ground Handling) कार्य अन्तर्गत ह्याण्डलिङ गरेको उडान, यात्रु संख्या एवम् कार्गो परिमाण देहायअनुसार रहेको छ ।

अन्तर्राष्ट्रिय ह्याण्डलिङ्ग तर्फ

S.N.	DATE/ MONTH:	FLIGHTS:	NO OF FLT.	DEPARTURE		ARRIVAL		REMARKS
				PAX	CGO(kg)	PAX	CGO(kg)	
01.	2077 Kartik	RA FLIGHTS	59	4316	261572	8678	88513	
		FOREIGN AIRLINES	282	18048	910422	26727	801346	
02.	2077 Mansir	RA FLIGHTS	59	6018	187283	8469	95918	
		FOREIGN AIRLINES	271	20828	95918	25327	1131556	
03.	2077 Poush	RA FLIGHTS	84	9939	196758	12,567	130624	
		FOREIGN AIRLINES	269	25,109	871895	28,120	981824	

आन्तरिक उडान तर्फ

S.N.	MONTH:	NO OF FLT.	PAX	Remarks
01.	2077 Kartik	79	970	
02.	2077 Mansir	73	850	
03.	2077 Poush	68	792	

Operations Department

Flight Performance Report

for the month of

KARTIK AND MANGSHIR 2077

FLEEET/MONTH		A330 9N-ALY		A330 9N-ALZ		A320 9N-AKW		A320 9N-AKX		OVERALL	
PARTICULARS		KARTIK	MANGSHIR	KARTIK	MANGSHIR	KARTIK	MANGSHIR	KARTIK	MANGSHIR	KARTIK	MANGSHIR
PROPOSED FROM KTM STATION		6	7	9	8	22	23	22	21	59	59
CHARTER/NON-SCHEDULE		1	0	2	1	1	0	0	0	4	1
PROPOSED SCHEDULED		5	7	7	7	21	23	22	21	55	58
OPERATION	SAME DAY	4	6	7	7	21	23	22	21	54	57
	NEXT DAY	1	1	0	0	0	0	0	0	1	1
AIRCRAFT CHANGE	TO OTEHER	2	1	3	0	3	3	2	2	10	6
	FROM	3	0	2	2	2	2	3	2	10	6
ON TIME		2	0	3	3	18	20	22	15	45	38
DELAY		2	6	4	4	3	3	0	6	9	19
POSTPOND/CANCELLED		0	0	0	1	0	0	0	0	0	1
REASON FOR DELAY AT KTM											
MARKETING/CUSTOMER SERVICE		1	5	2	3	1	1	0	4	4	13
ENGINEERING		0	0	0	0	0	1	0	0	0	1
OPERATION		0	0	0	0	1	0	0	0	1	0
FINANCE		0	0	0	0	0	0	0	0	0	0
TRANSPORT		0	0	0	0	0	0	0	0	0	0
WEATHER/NOTAM/BAY		0	0	0	0	0	0	0	0	0	0
IMMIGRATION		1	1	0	1	0	1	0	2	1	5
SUBSEQUENT		0	0	0	0	0	0	0	0	0	0
GROUND SUPPORT		0	0	0	0	0	0	0	0	0	0
KTM ATC		0	0	1	0	0	0	0	0	1	0
NOC		0	0	0	0	0	0	0	0	0	0
OTHER		0	0	1	0	1	0	0	0	2	0
FLIGHT PERFORMANCE (%)		0	0	0	0	0	0	0	0	0	0
RELIABILITY		80.00	85.71	100.00	100.00	100.00	100.00	100.00	100.00	98.18	98.28
PUNCTUALITY		50.00	0.00	42.86	42.86	85.71	86.96	100.00	71.43	1.85	1.75

COMMERCIAL DEPARTMENT

TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHT OF DOMESTIC & INTERNATIONAL STATIONS

AS OF KARTIK & MANGSIR, 2077

Region	Kartik 2077				Mangsir 2077				Total in Two Months	
	Total Revenue Passenger Flown	Passenger Revenue	Freight Revenue	Total	Total Revenue Passenger Flown	Passenger Revenue	Freight Revenue	Total	Grand Total Passenger Flown	Grand Total Revenue in NPR
Central Region (DHC-6)	983	5,353,195	11,268	5,364,463	820	4,713,289	14,251	4,727,540	1,803	10,092,003
Eastern Region (DHC-6)	522	2,521,953	3,794	2,525,747	675	3,562,348	5,467	3,567,815	1,197	6,093,562
Western Region (DHC-6)	716	3,442,357	19,968	3,462,325	658	4,207,125	39,050	4,246,175	1,374	7,708,500
Domestic Total	**2,221**	**11,317,505**	**35,030**	**11,352,535**	**2,153**	**12,482,762**	**58,768**	**12,541,530**	**4,374**	**23,894,065**
KTM-NRT	1,067	75,419,094	4,080,080	79,499,174	1279	98557578	3121710	101,679,288	2,346	181,178,462
NRT-KTM	1,105	91,026,620	737,374	91,763,994	1127	79733668	2955785	82,689,453	2,232	174,453,447
KTM-DXB	1,572	37,532,452	8,314,154	45,846,606	2,650	64,591,911	6,195,546	70,787,457	4,222	116,634,063
DXB-KTM	2,890	116,699,303	2,626,262	119,325,565	3,386	105,011,794	1,712,542	106,724,336	6,276	226,049,901
KTM-KUL	101	2,170,502	1,472,450	3,642,952	256	4,850,762	1,640,429	6,491,191	357	10,134,143
KUL-KTM	1,206	48,968,062	572,100	49,540,162	1,308	45,682,446	1,250,055	46,932,501	2,514	96,472,663
KTM-DOH	1,141	6,576,256	3,531,210	10,107,466	1,317	24,458,072	229,275	24,687,347	2,458	34,794,813
DOH-KTM	2,869	17,111,292	4,026,963	21,138,255	2,680	62,113,284	4,126,274	66,239,558	5,549	87,377,813
KTM-HKG	424	25,917,472	2,530,384	28,447,856	251	15290428	1,185,964	16,476,392	675	44,924,248
HKG-KTM	390	22,908,800	6,945,180	29,853,980	158	8699129	4121140	12,820,269	548	42,674,249
Intl Total	**12,765**	**444,329,853**	**34,836,157**	**479,166,010**	**14,412**	**508,989,072**	**26,538,720**	**535,527,792**	**27,177**	**1,014,693,802**
Grand Total	**14,986**	**455,647,358**	**34,871,187**	**490,518,545**	**16,565**	**521,471,834**	**26,597,488**	**548,069,322**	**31,551**	**1,038,587,867**

Continuing Airworthiness Management Department

OPERATION STATISTICS OF AIRCRAFTS

Nov-Dec, 2020

Particulars	Aircrafts													
	B757-200	A330		A320		DHC-6			MA-60		Y12E			
Aircraft Registration No.	9N-ACB	9N-ALY	9N-ALZ	9N-AKW	9N-AKX	9N-ABT	9N-ABU	9N-ABX	9N-AKQ	9N-AKR	9N-AKS	9N-AKT	9N-AKU	9N-AKV
No of Flight	AOG	33	33	105	88	198	182	AOG	Not in operation as per Board decision.					
Total Flight Hours (HRs:MM)		203:42	147:16	447:41	365:03	165:23	144:22							